नेपाल सरकार
# राष्ट्रिय सतर्कता केन्द्र
सिंहदरबार, काठमाडौं
(प्रथम पटक प्रकाशन मिति: २०७६/०९/२३)

## प्राविधिक परीक्षक तालिम संचालन हुने सम्बन्धी सूचना

नेपाल सरकारबाट संचालित विकास निर्माणका आयोजनाहरुको प्राविधिक परीक्षण कार्य गराउने उद्देश्यले यस केन्द्रबाट संचालन हुँदै आईरहेको तीन हप्ते प्राविधिक परीक्षक (Technical Auditor's) तालिम लिन ईच्छुक तपसिल बमोजिम योग्यता पुगेका ईन्जिनियरहरुबाट यो सुचना प्रथम पटक प्रकाशित मितिले १५ दिन भित्र दरखास्त आव्हान गरिन्छ ।

**तपसिल**

| | | |
|---|---|---|
| १. | स्थान र समय | काठमाडौं , २०७६ फाल्गुन पहिलो हप्ता देखि । |
| २. | न्यूनतम योग्यता र अनुभव | कुनै पनि इन्जिनियरिङ्ग विषयमा स्नातक तह उतिर्ण भई इन्जिनियरिङ्ग सम्बन्धित काममा कम्तिमा १० वर्षको व्यावसायिक अनुभव भएको र नेपाल ईन्जिनियरिङ परिषद्को सदस्यता प्राप्त गरेको । |
| ३. | उमेर | सुचना प्रकाशित भएको मितिमा ६५ वर्ष ननाघेको । |
| ४. | उपलब्ध सीट सख्या र तालिम शुल्क | सख्या : २५, शुल्क: रु १०,०००/- |
| ५. | दरखास्त दिने ठेगाना | श्रीमान् सचिवज्यू<br>राष्ट्रिय सतर्कता केन्द्र<br>सिंहदरबार, काठमाडौं |

**दरखास्त दिंदा ध्यान दिनुपर्ने कुराहरु :**

१ खाम बाहिर "प्राविधिक परीक्षण सम्बन्धी तालीमको लागि दरखास्त" भनेर लेख्नुका साथै दरखास्तवालाको नाम, ठेगाना, सम्पर्क टेलिफोन र मोबाइल नं पनि स्पष्ट उल्लेख हुनुपर्नेछ ।

२ दरखास्तसाथ रे पेजमा नबढाई तयार पारिएको व्यक्तिगत विवरण (Bio-data), स्नातक तह र सो भन्दा माथिका शैक्षिक उपाधिको प्रमाणपत्रको प्रतिलिपि र नेपाल इन्जिनियरिङ्ग परिषद्मा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

३ नेपाल सरकार तथा सार्वजनिक संस्थानहरुबाट मनोनयन भएका प्रशिक्षार्थीहरुको हकमा संस्थाकै तर्फबाट दरखास्त दिनुपर्ने छ ।

४. तालिमका लागि उम्मेदवारको छनौट राष्ट्रिय सतर्कता केन्द्रले गर्नेछ ।

५. दरखास्त दिने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्टसम्म दरखास्त दिन सकिनेछ ।

६. तालिमको लागी छनौट भए पश्चात तालिममा सहभागी हुनुपुर्व तोकिएको तालिम शुल्क राष्ट्रिय सतर्कता केन्द्रको नाममा एभरेष्ट बैंक, सिंहदरबार काउन्टर, सिंहदरबार, काठमाडौंमा रहेको राजश्व खातामा रकम जम्मा गरि भौचर पेश गर्नुपर्नेछ । तालिममा छनौट भईसकेपछि कुनै कारणवश तालिममा सहभागी हुन नसकेमा वा सहभागीले तालिम पुरा गर्न नसकेमा तालिम शुल्क फिर्ता हुने छैन ।

७. तालीमको सिलसिलामा बसोबास, आने जाने लगायतका सवारी खर्च आफैले व्यहोर्नु पर्नेछ ।

८. थप जानकारीको लागि केन्द्रको प्राविधिक परीक्षण तथा अनुगमन महाशाखा वा टेलिफोन नं ०१ ४२११९४८, ४२००३५० मा कार्यालय समय भित्र बुझ्न सकिनेछ ।